# धेरै चोटि सोधिएका प्रश्नहरु

**के बिद्यालय जिल्लाले यातायात को सुबिधा प्रदान गर्ने छ?**

- योग्य भएका विद्यार्थीहरुलाई यतायातको लागि "ट्रान्सपास" प्रदान गरिन्छ।

**यो कार्यक्रममा भाग लिएपछि मेरो बालकले कहाँ पढ्न पाइन्छ?**

- विद्यार्थीको प्रगती अनुसार, यो कार्यक्रम ६ महिना देखी २ बर्ष सम्म टक्न सक्छ। त्येस् पछी विद्यार्थीहरु आफ्नो छिमेक को बिद्यालयमा भर्ना हुन सक्छन् वा बेन फ्र्यान्कलिन उच्च माद्यामिक बिद्यालयमा (Ben Franklin High School) पढाई जारी गर्न सक्नेछन् वा योग्य भएमा बिशेष भर्ना बिद्यालयमा (Special admission) पनि भर्ना हुन साक्ने छन्

**मेरो बालक कहिले पनि बिद्यालयमा भर्ना भएको छैन वा मेरो बालक केही बर्षको लागि मात्रै बिद्यालय गएको छ...**

- बिद्यालय नगएका वा थोरै समयको लागि बिद्यालय गएका विद्यार्थीहरुलाई शिक्षा आर्जन गर्ने योग्यता र गणित, सामाजिक शिक्षा, र बिज्ञानमा भएको कमीलाई कम गर्नमा ध्यान केन्द्रित गर्ने भागमा राखिने छ।

**के मेरो बालकले यि कक्षाहरुको लागि उच्च बिद्यालयको क्रेडित प्राप्त गर्ने छ?**

- यो कार्यक्रमको सफल समाप्तीको बापत तपाईंको बालकले उच्च माद्यामिक बिद्यालयको लागि ६ क्रेडिट सम्म प्राप्त गर्ने छ।

**अनुशिक्षण सेवा जस्तो, मेरो बालकको लागि कुन शिक्षण सेवा उपलब्ध हुन्छ?**

- नयाँ विद्यार्थी शिक्षा प्रतिष्ठानका शिक्षकहरुले तपाईंको बालकलाई शिक्षण सहायता प्रदान गर्नु हुनेछ।

**नयाँ विद्यार्थी शिक्षा प्रतिष्ठानमा के मेरो बालक पाठ्यक्रम बाहेकका कृयाकलापहरुमा भाग लिने सक्ने छ?**

- विद्यार्थीहरु त्येस कृयाकलापहरुमा भाग लिन सक्ने छन्।

*Translation and Interpretation Center (8/2013)*

## नयाँ विद्यार्थी शिक्षा प्रतिष्ठान

- **उच्च माद्यमिक बिद्यालयको उमेर भएका अङ्ग्रेजी भाषा शिक्षार्थीहरुकालागी सुरक्षित बातावरण**
- **ठेगाना:**

**Benjamin Franklin High School**
**550 N. Broad Street**
**Philadelphia, PA 19130**

- **सार्वजनिक यतायातहरु द्वारा सजिलै सँग पुग्न मिल्ने छ।**




The School District of Philadelphia
Office of Multilingual Curriculum and Programs
440 North Broad Street
Philadelphia, PA 19130
215-400-4240

# फिलाडेल्फिया विद्यालय जिल्ला



## नयाँ विद्यार्थी शिक्षा प्रतिष्ठान

## Newcomer Learning Academy

## NLA वा "एन एल ए"

## बेन्जमिन फ्रान्कलिन उच्च माद्यमिक बिद्यालय

**ग्रगोरि हेलि, प्रधानाध्यापक**

*NLA Brochure (Nepali)*

# नयाँ विद्यार्थी शिक्षा प्रतिष्ठान

**नयाँ विद्यार्थी शिक्षा प्रतिष्ठानले** पोषणीय बातावरणमा भर्खरै आएका अँङ्ग्रेजी भाषा शिक्षार्थीहरुलाई तिव्र गतीमा पढाउने शैक्षिक तथा सामाजिक अँङ्ग्रेजी भाषाको कक्षा प्रदान गर्छ।

## "एन एल ए" (NLA) कार्यक्रमको लक्ष्य

- आप्रवासी विद्यार्थीहरुको मुल संस्कृति र भाषाको प्रिष्ठभुमीका साथ साथै आफ्नो मुल देशमा प्राप्त गरेको शैक्षिक योग्यता चिन्ने र बिकास गर्ने।
- अँङ्ग्रेजी भाषामा विद्यार्थीहरुको शिक्षा र संवादको बिकास गर्ने
- शिक्षा र योग्यतामा कमी भएको खण्डमा कमी थाहा पाउने र त्येस्को सम्बोधन गर्ने
- उच्च माद्यमिक बिद्यालयको उमेरका अङ्ग्रेजी भाषा शिक्षार्थीहरुलाई स्नातक प्राप्त गर्न सहयोग प्रदान गर्ने
- विद्यार्थीहरुलाई बिद्यालयको सामाजिक बातावरण सँग एकिक्रित गराउने।
- विद्यार्थीहरुको सफलता सुनिश्चित गर्न पर्याप्त सहयोग सेवा प्रदान गर्ने






## कार्यक्रमको रुपरेखा

"एन एल ए" (NLA) ले ६ देखी २४ महिनाको शैक्षिक कार्यक्रम प्रदान गर्छ जस्ले विद्यार्थीहरुलाई सफल रुपमा दोस्रो भाषा अँङ्ग्रेजीको माथिल्लो तहहरुमा र स्नातकको लागि चाहिने बिभिन्न कक्षाहरुमा संक्रमण गर्न तैयार गर्छ। "एन एल ए" मा भएका विद्यार्थीहरुले धैरैजसो दुईवटा दोस्रो भाषा अँङ्ग्रेजी कक्षाहरु (ESOL) लिन्छन् एउटा गणित कक्षा (Algebra 1 or Pre-Algebra), एउटा बिज्ञान कक्षा (Physical Science) र एउटा सामाजिक शिक्षा कक्षा (American History) का साथ साथै फोटोग्राफी (photography) वा शारीरिक शिक्षा (Physical Education) जस्ता छान्ने बिषयहरु लिनेछन्।

## योग्यताको माँपदण्ड

"एन एल ए" (NLA) मा भर्ना हुन विद्यार्थी:

- हालसालै अमेरिका आएको हुने पर्ने छ (एक बर्ष भन्दा कम समय)।
- अँङ्ग्रेजी बाहेक अरु भाषा बोल्नु पर्ने छ (इ यच ४० मातृभाषा सर्वेक्षण मा सन्केत गरिएको)।
- "डब्लु - ए पि टि" (W-APT) अँङ्ग्रेजी भाषा प्रवीणता जाँच (the English language proficiency test) मा १.० देखी १.९ सम्म।
- १४ देखी २० बर्षाको उमेरको हुनु पर्ने।



## शैक्षिक कार्यक्रम

"इसोल" (ESOL) कक्षामा स्पष्ट रुपमा पढाई, लेखाइ, सुनाइ र बोलाईको शिक्षा प्रदान गर्नुका साथ साथै बिभिन्न पाठ्यक्रमहरुमा पनि विद्यार्थीहरुलाई थप सहयोग प्रदान गर्ने प्रविधी चलाई भाषा सिकाइन्छ। यि प्रविधीहरु शैक्षिक योग्यतालाई बढाउने प्रक्रियाहरुको अनुसन्धान बाट निर्धारित गरिएको हो:

- आँफै सहभागि हुने कृयाकलाप
- विद्यार्थीलाई भाषाको चार क्षेत्रको (पढाई, लेखाइ, सुनाइ र बोलाई) आफ्नो शिक्षा प्रयोग गर्नु पर्ने कृयाकलाप गराइन्छ।
- "इसोल" कक्षामा मात्रै नभइ अरु कक्षामा प्रयोग गरिने भाषा बिकासको बारे विद्यार्थीहरुलाई प्रतिकृया दीइन्छ
- अँङ्ग्रेजीमा प्रयोग गर्ने सामान्य शब्दहरु र वाक्य प्रतीरुपहरुको बारे स्पष्ट शिक्षा
- बिभिन्न सामाग्रीहरुको बारे वादविवाद र उत्तर दिइ र अरु विद्यार्थीहरु सँग कुरा कानी गरी विद्यार्थीहरुले आफ्नो अँङ्ग्रेजी भाषाको योग्यताको बिकास गर्न सक्छन्।